आज मिति २०७९।०६।०६ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरु गरियोँ ।

तपशिलः

| पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| श्री इन्द्र बहादुर गुरुङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं. २ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं ७ | |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| श्री बुद्धिमाया वि.क. | कार्यपालिका सदस्य | |
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपली | कार्यपालिका सदस्य | |
| श्री बिदुर सिग्देल | सदस्य सचिव (नि.प्रमुख प्रशासकीय अधिकृत) | |

सहयोगी कर्मचारीहरुः

| | | |
|---|---|---|
| लाल चन्द्र गैह्रे | लेखा सहायक | |
| नोल ब. थापा | सा. पा. | |
| सरोज मराजिनी | क. अ. | |

खिम नारायण मानन्धर
अध्यक्ष

निर्णयहरु

१. प्रस्ताव नं. १. माथी छलफल गर्दा यस गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत पर्शुराम उपाध्याय नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९/०५/२९ चलानी नं ८१४ को निर्णय बमोजिम गण्डकी प्रदेश मुख्य मन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा भएकोमा उहाले २०७९/६/०५ गते चलानी नं. को पत्रबाट मिति २०७९/०६/०६ गतेदेखि लागुहुने गरि रमाना लिई/भइ जानु भएको र यस गाउँपालिकामा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिम प्रमुख प्रशासकीय अधिकृत,नेपाल सरकारले कानुन बमोजिम तोकेको अधिकृत हुने व्यवस्था रहेकोमा हाल सम्म कसैलाई पनि नतोकेको हुदा कार्यालको प्रशासनिक तथा आर्थिक कार्य पूर्ण रुपमा ठप्प हुदा सेवा प्रवाहमा समस्या उत्पन्न हुन गएकोले प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था नहुदा सम्म यस कार्यालयमा कार्यरत सबै भन्दा जेष्ठ कर्मचारीको रुपमा कार्यरत नेपाल स्वास्थ्य सेवा , हेल्थ इन्सपेक्सन समुह,अधिकृत तह छैठौं,अधिकृत पदमा कार्यरत कर्मचारी संकेत नं.१६३६०३ बिदुर सिग्देललाई निमित्त प्रमुख प्रशासकीय अधिकृत तोकी कार्यालको प्रशासनिक तथा आर्थिक कार्यलाई सहजीकरण गर्ने व्यवस्थाको लागि आवस्यक निर्णय गरि दिनुहुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. प्रस्ताव २. माथी छलफल गर्दा यस कार्यालयमा बिगत करिव ३ वर्ष देखि कार्यरत प्रमुख प्रशासकीय अधिकृत पर्शुराम उपाध्याय ,अधिकृत छैठौं प्रशासन महेश्वर अर्याल ,इन्जिनियर छैठौं मनोज शर्मा वाग्ले ,सहायक पाचौं प्रशासन सबिना पौडेल,आन्तरिक लेखा परिक्षण सहायक पाचौं इन्दिरा न्यापाने ,असिस्टेन्ट सव इन्जिनियर महेन्द्र पौडेल र खा.पा.स.टे. तिलक चौलागाई संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णय बमोजिम काम काजको सरुवा भएकोहुदा यस कार्यालयबाट सरुवा भइ जानुहुने कर्मचारी साथीहरुलाई यस पालिकामा रहदा पुर्याउनु भएको योगदान प्रति हार्दिक धन्यवाद दिने र थप सफलताको शुभकामना सहित उज्वल भविष्यको कामना गर्ने निर्णय गरियो ।

३. प्रताव नं ३ माथी छलफल गर्दा वडा दशैं दिपावली छट,नेपाल सम्वत लागएतका नेपालीका महान पर्वहरुको उपलक्षमा शुभ कामना आदान प्रदानको कार्यक्रम वर्तमान

खिम नारायण मानन्धर
अध्यक्ष

जनप्रतिनिधि, हरिनास गाउँपालिकामा क्रियाशिल राजनीतिक दलका प्रमुख एवम प्रतिनिधी ज्यूहरु,पुर्व जनप्रतिनिधि ज्यूहरु,कर्मचारीहरु संघ सस्थाका प्रमुख एवम प्रतिनिधी ज्यूहरुलाई आमन्त्रण गरि शुभ कामाना आदान प्रदान कार्यक्रम आयोजना मिति २०७९/०६/१३ गते हरिनास गाउँपालिकाको कार्यालयको सभा कक्षमा शुभ कामना आदान प्रदान कार्यक्रम आयोजना गर्ने निर्णय गरियो |साथै सोहि अवसरमा २०७४-२०७९कार्यकालमा निर्बाचित हुनु भएका जन प्रतिनिधिहरुलाई ज्यूहरुलाई सम्मान सहितको बिदाई कार्यक्रम आयोजना गर्ने निर्णय गरियो |

४. प्रस्ताव ४ माथी छलफल गर्दा यस गाउँपालिकाको लागि बिगत केही वर्ष आगाडी सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट प्रत्यक्ष बस्ती स्तर, समुदाय,टोल,वडा स्तरमा नै गइ गरिवी सम्बन्धि सर्वेक्षण गरिएकोमा हाल मन्त्रालयबाट हरिनास भित्र बसोबास गर्ने १४२ जना गरिवको परिचय-पत्र प्राप्त भएको हुदा सो परिचय पत्र वितरण प्रयोजनको लागि सरकारले परिचय पत्र वितरण सम्बन्धी मापदण्डले तोके बमोजिम र तोकेकोसमय सिमा भित्र नै वितरण गर्ने निर्णय गरियो |साथै उक्त परिचय पत्र वितरणको अनुगमन सहजीकरण गर्न सोहि मापदण्डको बुँदा नं.९ बमोजिम तपशिल बमोजिमको सहजीकरण समिति गठन गर्ने निर्णय गरियो |

| | |
|---|---|
| क.पालिका उपाधयक्ष इन्द कुमारी थापा राना | संयोजक |
| ख.सम्वन्धित वडाका वडा अध्यक्ष(१-७) | सदस्य |

ग.सम्वन्धी स्थानीय तहको प्रप्रअले तोकेको कार्यक्रम संग सम्बन्धी कर्मचारी स.सचिव

५. प्रस्ताव नं.५ माथी छलफल हुदा बडा दशैं २०७९ को पवन अवसरमा हरिनास गाउँ पालिका स्थित चिसापानी इलाका प्रहरी कार्यालय र चित्रे भन्ज्यांग प्रहरी चौकीको लागि कोत पुजा तथा पुजा व्यवस्थापन प्रयोजनको लागि क्रमश ३००००|तिस हजार र १५०००|पन्ध्र हजार रुपया हरिनास गाउँपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो |

६. प्रस्ताव नं ६ माथीछलफल गर्दा यस गाउँपालिका भित्ररहेका मृगौला ट्रान्सप्लान्ट गरेका,डायलाइसिस गराईरहेका,क्यान्सरको उपचाररतर एवम सोको उपचार पश्चातपनि

खिम नारायण नानध्वर
अध्यक्ष

नियमित चिकित्सकको फलोअफमा रहनुपर्ने र मेरुदण्डको पक्षघात भइ प्यारालाइसिस भएका बिरामीहरुको पोषण खर्च प्राप्त प्रयोजनको लागि यहि मिति २०७९/०६/१० गते भित्र तथ्यांक वडा मार्फत पालिकामा पठाउने र सो वापत को रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त भए पश्चात सम्बन्धित बिरामीको बैंक खातामा जम्मा गर्ने निर्णय गरियो ।

७. प्रस्ताव ७ माथी छलफल गर्दा यस हरिनास गाउँपालिकाको कार्यालय मा कार्यरत निम्न सेवा समुहका कर्मचारीहरुलाई तपशिल बमोजिमको कार्यालय/सेवा केन्द्रहरुमा कामकाज गर्न खटाउने निर्णय गरियो । तपशिल

| क्रस | कर्मचारीको नामथर | पद | कार्यरत कार्यालय | कम काजको लागि खटाइएको कार्यालय | कै |
|---|---|---|---|---|---|
| १ | बिबेक मुलिचा सुनुवार | | हरिनासगापा कार्यालय | वडा २ | |
| २ | झलक सुबेदी | | हरिनासगापा कार्यालय | वडा ६ | |
| ३ | सुष्मा पनेरु | | हरिनासगापा कार्यालय | वडा ६ | |
| | | | | | |

८. प्रस्ताव ८ माथी छलफल गर्दा यस गाउँपालिका को आव २०७६/७७ मा लाङघाली युवा क्लव खेल मैदान निर्माण योजनाको काम उपभोक्ता समिति मार्फत भएको थियो ।उक्त योजनाको निर्माण कार्य मानवीय त्रुटि वश योजनाको प्राबिधिक मुल्यांकन बनाउने समयमा कम्प्युटरको एक्सेल लिंकमा फरक पर्न गइ प्राबिधिक त्रुटीबश बढी मुल्यांकन हुन गइ बढी भुक्तानी हुन गएको प्रमाणित गरिन्छ ।बढी भुक्तानी भएको थाहा भए पश्चात बढी भुक्तानी हुन गएको रकम नियामानुसारको सरकारी ब्याज सहित लाङघाली युवा क्लवले यस गाउँ पालिकाको आन्तरिक राजश्व खातामा रु ८५०००। अक्षरुपी पचासी हजार मात्र दाखिला गरि बैंक भौचर समेत पेश गरि लेखा शाखाबाट आम्दानी बाँधी सकिएको छ ।लागत अनुमानमा सहि छाप नभएको बिषय उपभोक्ता समितिले लागत अनुमान हराएको कारण कम्प्युटरमा सेभ भएको ई-कपि प्रिन्ट गर्दा हुन गएको व्यहोरा प्रमाणित गरिन्छ ।(सो समयमा लोक

खिम नारायण मानन्धर
अध्यक्ष

सेवा आयोगबाट स्थायी कर्मचारी पद पूर्ति नहुँदै कार्यरत पुराना प्राबिधिक कर्मचारीले जागिर छोडेको अवस्था भएकोले सहि छाप हुन नसकेको) यो मानबिय तथा प्राबिधिक भुलबसको त्रुटी भइ त्रुटी पत्तालाग्न साथ सो त्रुटी बाट हुन गएको बढी भुक्तानी नियामानुसारको सरकारी ब्याज सहित गाउँपालिकाको आन्तरिक राजश्व खातामा दाखिला भइ सकेको हुदा यसबाट सरकारी कोषको हानि नोक्सानी नभएको,दुरुपयोग नभएको,कुनै किसिमको हिनामिना नभएको व्यहोरा प्रमाणित गर्दै सो समयमा असल मनसाय साथ जनताको सेवाका लागि कोभिड-१९ संक्रमणको उच्च जोखिम तथा कडा लकडाउनको बावजुत पनि कार्य सम्पादको प्रक्रियामा संलग्न सम्पूर्ण जन प्रतिनिधी तथा कर्मचारीको टिम तथा काममा संलग्न उपभोक्ता समितिका पदाधिकारीहरुको यस गाउँ कार्यपालिका बैठक सर्व सहमतिले प्रतिरक्षा गर्ने निर्णय गर्दछ ।

खिम नारायण नानन्धर
अध्यक्ष

खिम नारायण नानन्धर
अध्यक्ष